# सिमकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सिमकोट, हुम्ला
## कर्णाली प्रदेश, नेपाल


प.सः २०८१।८२ मितिः२०८२।०४।०२ गते

च.नः ३

श्री वडा कार्यालयहरु सबै
सिमकोट गाउँपालिका

बिषयः सामाजिक सुरक्षा परिचयपत्र नविकरण सम्बन्धी अत्यन्त जरुरी सूचना।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली २०७६ को नियम (९) तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा (४) बमोजिम सिमकोट गाउँपालिका अन्तर्गतका वडावाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहनु भएका सम्पूर्ण लाभग्राहीहरुले चालु आ. व. २०८२/०८३ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नको लागि वडा कार्यालयमा लाभग्राही स्वयु उपस्थित भई यहि मिति २०८२ साल साउन १ गते देखि भदौ मसान्त भित्र अनिवार्य रुपले आ-आफ्नो सक्कल प्रमाणपत्र सहित उपस्थित भई सामाजिक सुरक्षा परिचयपत्र नविकरण गर्नुहुन अनुरोध छ।

देहायः

१. राष्ट्रिय परिचयपत्र वा परिचयपत्र नम्वर प्राप्त गरेका लाभग्राहीहको हकमा अनिवाय NIN, Fingerprint Scanner डिभाईस मार्फत verification गरी सम्वन्धित वडा कार्यालयबाट नविकरण गर्ने। यदि कुनै कारणले Biometric Verification हुन नसकेमा अन्य विकल्प जस्तै Alpha Authentication (NIN मा उल्लेख भएको वैयक्तिक विवरण तथा Photo) बाट Verification गरी नविकरण तथा सूचीकरण गर्ने।

२. नयाँ लाभग्राहीको रुपमा सुचीकरण हुन वा नविकरणका लागि लाभग्राहीले NIN उपलब्ध गराएको तर कुनै माध्यमवाट NIN Verification हुन नसकेमा प्रणालीमा साही कुरा कैफियत जनाई सूचीकरण तथा नविरण गर्ने।

३. स्वयम् उपस्थित हुन नसक्ने बालबालिका, पूर्ण अशक्त अपाङ्ग र ९० वर्ष भन्दा माथिका जेष्ठ नागरिकहरुको हकमा राष्ट्रिय परिचयपत्र नभए तापनि निजको आमा, बाबु, संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले समेत निवेदन दिई नविकरण गर्न सकिने छ।

४. म्याद भित्र नविकरण नभएका लाभग्राहीको प्रणालीवाट स्वतःलगत कट्टा हुने र लगत कट्टा भएका व्यक्तिले पुनः लाभग्राहीमा सूचीकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन २०७५ को दफा १२ वमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेकोले सोही वमोजिम गरिदिने।

५. आर्थिक वर्ष ०८२/८३ को वजेट वक्तव्यको वुँदा नं ३७५ मा आगामी आर्थिक वर्ष देखि (२०८२ साल श्रावण १ गते देखि) ७० वर्ष पूरा भएका नागरिकले भत्ता प्राप्त गर्ने व्यवस्था उल्लेख भएको हुँदा सोही वमोजिम जेष्ठ नागरिक अन्तर्गत नयाँ लाभग्राही सूचीकरणा गर्ने। हाल प्राप्त गरिरहेका दुर्गम क्षेत्र र लक्षित वर्गका जेष्ठ नागरिकका हकमा भत्ता पाउने उमेर यथावत रहेकाले निजहरुको सोही वमोजिम नविकरण गर्ने।

वर्ष बहादुर फडेरा कार्की

बर्ष बहादुर फडेरा कार्की
प्रमुख प्रशासकीय अधिकृत


"उच्च हिमाली समृद्ध हाम्रो सिमकोट नगर : व्यपारिक र पयर्टकिय शहर ,विविधतायुक्त ,"

फोन न. ०९७७-०८७६८००९४,९८५८३२०१९२वेवसाइड-www.simkotmun.gov.np

इमेल : ito.simkotmun@gmail.com/info@simkotmun.gov.np